# सुदूरपश्चिम प्रदेश पर्यटन ऐन, २०७७

<u>प्रमाणीकरण र प्रकाशन मिति</u>

२०७८।४।१४

संवत् २०७८ सालको ऐन नं. ८

<u>सुदूरपश्चिम प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन</u>

**<u>प्रस्तावना</u>**ः सुदूरपश्चिम प्रदेश भित्रका पर्यटन क्षेत्र एवं पर्यटकीय महत्वका विषयको संरक्षण, व्यवस्थापन, विकास एवं प्रवर्धन गरी पर्यटन क्षेत्र मार्फत जनताको आर्थिक, सामाजिक उन्नति गर्ने विषयलाई मध्यनजर राखी पर्यटकको स्वास्थ्य, सुविधा र हित कायम गर्न र पर्यटन व्यवसायलाई व्यवस्थित, मर्यादित र सुरक्षित बनाउने सम्बन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

सुदूरपश्चिम प्रदेश सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१

## <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यस ऐनको नाम "सुदूरपश्चिम प्रदेश पर्यटन ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा</u>ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "अनुमतिपत्र" भन्नाले यस ऐन बमोजिम दिइने अनुमतिपत्रलाई सम्झनु पर्छ ।

(ख) "इजाजतपत्र" भन्नाले यस ऐन बमोजिम व्यवसायीलाई दिइने इजाजतपत्रलाई सम्झनु पर्छ।

(ग) "कार्यालय" भन्नाले पर्यटनसँग सम्बन्धित पर्यटन व्यवसायको दर्ता, नवीकरण, अनुगमन तथा निरीक्षण सम्बन्धी काम गर्ने मन्त्रालय मातहतको पर्यटन कार्यालयलाई सम्झनु पर्छ।

(घ) "जलयात्रा" भन्नाले डुङ्गा, नाउ, रिभरबोट वा अन्य त्यस्तै प्रकृतिको नदीमा तैरिने जलयात्राको साधन प्रयोग गरी मनोरञ्जन, प्राकृतिक तथा सांस्कृतिक दृश्यावलोकनका लागि गरिने यात्रा सम्झनु पर्छ ।

(ङ) "जलयात्रा टोली" भन्नाले एक वा एकभन्दा बढी सदस्य भएको जलयात्रा टोली सम्झनु पर्छ।

(च) "जलयात्रा व्यवसायी" भन्नाले जलयात्रा व्यवसाय गर्नको लागि प्रचलित कानुन बमोजिम स्थापना भएको कम्पनी वा फर्म सम्झनु पर्छ ।

(छ) "ट्राभल एजेन्सी" भन्नाले पर्यटक वा अन्य व्यक्तिको निमित्त शुल्क लिई भ्रमण, बसोबास तथा आधुनिक सवारीको साधन उपलब्ध भएका स्थानहरूमा दृश्यावलोकन सम्बन्धी प्रबन्ध मिलाउने व्यक्ति वा संस्थालाई सम्झनु पर्छ ।

(ज) "ट्रेकिङ्ग एजेन्सी" भन्नाले पर्यटक वा अन्य व्यक्तिहरूलाई विविध प्राकृतिक एवं सांस्कृतिक दृश्यावलोकन गराउने उद्देश्यले शुल्क लिई साधारणतया आधुनिक सवारीको साधन उपलब्ध नभएका स्थानहरूमा यात्राको प्रबन्ध मिलाउने व्यक्ति वा संस्थालाई सम्झनु पर्छ।

(झ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ञ) "दरखास्तवाला" भन्नाले ट्राभल वा ट्रेकिङ्ग एजेन्सी वा पर्यटकस्तरीय होटल, लज, रेष्टुराँ, रिसोर्ट वा बार, पथ प्रदर्शक, जलयात्रा वा अन्य यस्तै प्रकारको पर्यटन व्यवसाय गर्नको निमित्त मन्त्रालयले तोकेको निकाय वा अधिकारी समक्ष दरखास्त पेस गर्ने पर्यटन व्यवसायी सम्झनु पर्छ ।

(ट) “पथ प्रदर्शक” भन्नाले पारिश्रमिक लिई पर्यटकको साथमा गई पथ प्रदर्शनको लागि काम गर्ने यस ऐन बमोजिम इजाजत प्राप्त व्यक्ति सम्झनु पर्छ ।

(ठ) “पर्यटक” भन्नाले विदेशी मुलुकबाट भ्रमणको लागि नेपालमा आइ यस प्रदेशमा पर्यटकीय उद्देश्यले आउने गैरनेपाली नागरिक वा आन्तरिक पर्यटक समेतलाई सम्झनु पर्छ ।

(ड) “पर्यटन व्यवसायी” भन्नाले ट्राभल वा ट्रेकिङ्ग एजेन्सी वा पर्यटकस्तरीय होटल, लज, रेष्टुँरा, रिसोर्ट वा बार, पथप्रदर्शक, जलयात्रा वा अन्य यस्तै प्रकारको पर्यटन व्यवसाय गर्ने व्यक्तिलाई सम्झनु पर्छ ।

(ढ) “प्रदेश सरकार” भन्नाले सुदूरपश्चिम प्रदेशको मन्त्रिपरिषद् सम्झनु पर्छ ।

(ण) “मन्त्रालय” भन्नाले सुदूरपश्चिम प्रदेशको पर्यटनसँग सम्बन्धित विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

(त) “रिभर गाइड” भन्नाले जलयात्रा टोलीलाई जलयात्रामा सहयोग गर्न यस ऐन बमोजिम अनुमतिपत्र वा इजाजतपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ ।

(थ) “रिसोर्ट” भन्नाले आधुनिक बनावटका साथै प्राकृतिक, ऐतिहासिक तथा सांस्कृतिक सम्पदा प्रतिबिम्बित हुने गरी निर्माण गरिएका पर्यटकीय आवासलाई सम्झनु पर्छ ।

(द) “वातावरणीय अध्ययन” भन्नाले वातावरण सम्बन्धी प्रचलित कानुन बमोजिम गरिने वातावरणीय अध्ययन प्रतिवेदन सम्झनु पर्छ ।

(ध) “स्थानीय तह” भन्नाले गाउँपालिका, नगरपालिका तथा जिल्ला सभालाई सम्झनु पर्छ ।

(न) “होटल” भन्नाले यस ऐन बमोजिम दर्ता भई सञ्चालन हुने पर्यटकस्तरीय होटल सम्झनु पर्दछ।

(प) “होटल व्यवसायी” भन्नाले मन्त्रालयबाट साधारण पर्यटकस्तरको होटल, लज, रेष्टुराँ, रिसोर्ट वा बार सञ्चालन गर्ने इजाजत प्राप्त व्यक्ति, फर्म वा कम्पनीलाई सम्झनु पर्छ।

(फ) “होमस्टे” भन्नाले स्थानीय मौलिक सँस्कृति झल्किने गरी निजी घर वा सामुदायिक आवासमा खाने, बस्ने र मनोरञ्जन समेत गराउने उद्देश्यले शुल्क लिई पर्यटकको लागि गरिने घरायसी प्रबन्ध सम्झनु पर्छ ।

## परिच्छेद – २

## ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीसम्बन्धी व्यवस्था

३. ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको काम गर्न इजाजतपत्र लिनु पर्नेः (१) प्रदेशभित्र ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको काम गर्न चाहने व्यक्तिले यस ऐन बमोजिम इजाजतपत्र लिनु पर्नेछ ।

(२) यो ऐन प्रारम्भ हुनु अघि प्रचलित कानुन बमोजिम इजाजतपत्र लिएका ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीले एक वर्षभित्र मन्त्रालय वा मन्त्रालयले तोकेको निकाय वा अधिकारी समक्ष इजाजतपत्र अद्यावधिक गर्नु पर्नेछ । यस उपदफा बमोजिम गरिने इजाजतपत्रको अद्यावधिक वापतको दस्तुर लाग्ने छैन ।

(३) उपदफा (२) बमोजिमको समयावधिभित्र अद्यावधिक नगरेमा सुरु इजाजतपत्र लिन लाग्ने दस्तुर तिरेर मात्र अद्यावधिक हुनेछ।

४. इजाजतपत्रको लागि दरखास्त दिनुपर्ने : दफा ३ बमोजिम ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको काम गर्न चाहने पर्यटन व्यवसायीले इजाजतपत्रको लागि अनुसूची-१ बमोजिमको ढाँचामा मन्त्रालय समक्ष दरखास्त दिनु पर्नेछ ।

५. इजाजतपत्र दिने: (१) दफा ४ बमोजिम इजाजतपत्रको लागि दरखास्त प्राप्त भएमा मन्त्रालयले त्यस्तो दरखास्तउपर आवश्यक जाँचवुझ गरी दरखास्तवालालाई इजाजतपत्र दिन उपयुक्त देखिएमा पच्चिस हजार रुपैयाँ लिई अनुसूची-२ बमोजिमको ढाँचामा इजाजतपत्र दिनेछ ।

(२) उपदफा (१) बमोजिम प्रदान गरिएको इजाजतपत्र हराए वा नासिएमा प्रतिलिपि पाउनको लागि पर्यटन व्यवसायीले पैंतिस दिनभित्र मन्त्रालयमा दरखास्त दिनु पर्नेछ । दरखास्त मनासिव देखिएमा दुई हजार रुपैयाँ दस्तुर लिई इजाजतपत्रको प्रतिलिपि दिनेछ।

६. कम्पनीको दर्ता तथा बैङ्क ग्यारेण्टी सम्बन्धी व्यवस्था: (१) ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको काम गर्न चाहने व्यक्तिले इजाजत पत्र लिनु अघि प्रचलित कानुन बमोजिम देहायको चालू वा चुक्ता पुँजी भएको फर्म वा कम्पनी दर्ता गर्नु पर्नेछः-

(क) फर्मको हकमा कम्तीमा दश लाख रुपैयाँ,

(ख) कम्पनीको हकमा कम्तीमा पच्चिस लाख रुपैयाँ ।

(२) इजाजतपत्रको लागि दरखास्त दिने ट्राभल वा ट्रेकिङ्ग एजेन्सीले इजाजतपत्र लिनुअघि इजाजतको अवधिभर सुरक्षण बापत नेपाल राष्ट्र बैङ्कको मान्यता प्राप्त "क" वर्गको बैङ्कबाट मन्त्रालयको नाममा कम्तीमा पाँच लाख रुपैयाँ बैङ्क ग्यारेण्टी राख्नु पर्नेछ।

७. इजाजतपत्र प्राप्त व्यक्तिले पालना गर्नुपर्ने सर्तः यस ऐन बमोजिम इजाजतपत्र प्राप्त ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीले देहायका सर्त पालना गर्नु पर्नेछः-

(क) प्रदेश सरकारले तोकिदिएको क्षेत्रमा मात्र ट्राभल वा ट्रेकिङ्ग गराउनु पर्ने,

(ख) ट्राभल वा ट्रेकिङ्ग गर्दा इजाजतपत्र प्राप्त व्यक्तिले सम्बन्धित कामको लागि नियुक्त कामदारमार्फत् मात्र सेवा प्रवाह गर्नुपर्ने,

(ग) ट्राभल वा ट्रेकिङ्ग गर्दा वातावरणीय सरसफाइ वा फोहोरमैलाको व्यवस्थापनको सम्वन्धमा प्रचलित कानुन बमोजिम गर्नुपर्ने,

(घ) आफूले पाएको इजाजतपत्र सहितको प्रमाणपत्र कार्यालयमा सबैले देख्ने ठाउँमा राख्नुपर्ने,

(ङ) ट्राभल वा ट्रेकिङ्ग गर्दा प्रचलित कानुन बमोजिम पालना गर्नुपर्ने कुराहरू पालना गर्नुपर्ने,

(च) पर्यटकसँग जाने कामदारको इजाजत प्राप्त बिमा कम्पनीसँग बिमा गराउनु पर्ने,

(छ) प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र वार्षिक प्रतिवेदन मन्त्रालयमा पेस गर्नुपर्ने,

(ज) प्रबन्धपत्र तथा नियमावलीमा जुनसुकै उद्देश्य समावेश भए तापनि ट्राभल वा ट्रेकिङ्ग एजेन्सीले इजाजतपत्रमा उल्लेखित काम मात्र गर्नुपर्ने,

(झ) यस ऐन बमोजिम प्रदेश सरकारले दिएको आदेश निर्देशनको पालना गर्नुपर्ने,

(ञ) आफ्नो सेवाबापत पर्यटकबाट लिइने शुल्कको दरको सूचना मन्त्रालयलाई दिनुपर्ने,

(ट) आफ्नो कारोबारको अन्तिम खाताहरू पेस गर्नुपर्ने,

(ठ) यस ऐन बमोजिम पर्यटन व्यवसायीका लागि बनाएको आचार संहिता पालना गर्नुपर्ने ।

८. इजाजतपत्रको अवधि र नवीकरण : (१) इजाजतपत्रको अवधि पाँच वर्षको हुनेछ ।

(२) इजाजतपत्र नवीकरण गराउन चाहने ट्राभल वा ट्रेकिङ्ग एजेन्सीले इजाजतपत्रको नवीकरणका लागि अवधि समाप्त हुनु अगावै पच्चिस हजार रूपैंया दस्तुर तिरी इजाजतपत्र नवीकरण गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको म्याद समाप्त भएपछि कसैले इजाजतपत्र नवीकरण गर्न चाहेमा देहाय बमोजिमको थप नवीकरण दस्तुर तिरी इजाजतपत्र नवीकरण गराउन सक्नेछः-

(क) पहिलो तीन महिनासम्म नवीकरण दस्तुरको पच्चिस प्रतिशत,

(ख) खण्ड (क) बमोजिम म्याद समाप्त भएको मितिले तीन महिनासम्म नवीकरण दस्तुरको पचास प्रतिशत ।

(४) उपदफा (३) बमोजिमको म्यादभित्र पनि इजाजतपत्र नवीकरण नगरेमा त्यस्तो इजाजतपत्र स्वतः रद्द हुनेछ ।

९. अयोग्यताः देहायको व्यक्तिलाई दफा ५ बमोजिमको इजाजतपत्र दिइने छैन ।

(क) करार सम्बन्धी प्रचलित कानुन बमोजिम करार गर्न योग्य नभएको व्यक्ति,

(ख) साहूको दामासाहीमा परेको व्यक्ति,

(ग) दफा १२ बमोजिम ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको इजाजतपत्र खारेज भई सो मितिले दुई वर्ष अवधि भुक्तान गरी नसकेको व्यक्ति,

(घ) नैतिकपतन देखिने फौजदारी अभियोगमा दोषी प्रमाणित भएको व्यक्ति,

१०. ट्राभल वा ट्रेकिङ्ग एजेन्सीले शुल्क बारेको सूचना दिनुपर्नेः (१) यस ऐन बमोजिम इजाजत प्राप्त ट्राभल वा ट्रेकिङ्ग एजेन्सीले आफ्नो सेवा बापत पर्यटकबाट लिइने शुल्कको दररेट प्रकाशित गर्नु पर्नेछ । सोको जानकारी मन्त्रालयलाई समेत दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको शुल्कको दर मन्त्रालयले कानुन बमोजिम निर्धारण गरी प्रचारप्रसार गर्नु पर्नेछ ।

११. इजाजतपत्र निलम्बन गर्ने अधिकारः (१) देहायको अवस्थामा मन्त्रालयले ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको इजाजतपत्र बढीमा ६ महिना अवधिसम्मको लागि निलम्बन गर्न सक्नेछ ।

(क) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको कुनै कुरा उल्लंघन गरेमा,

(ख) मन्त्रालयलाई दिनुपर्ने सूचना नदिएमा वा गलत सूचना दिएमा,

(ग) प्रचलित कानुनको बर्खिलाप हुने कार्य गरेमा।

(२) उपदफा (१) बमोजिम ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको इजाजतपत्र निलम्बन गर्नु अगाडि सफाई पेस गर्ने मौका दिनु पर्नेछ ।

१२. इजाजतपत्र खारेज गर्न सक्नेः (१) दफा ११ बमोजिम निलम्बन भएको ट्राभल वा ट्रेकिङ्ग एजेन्सीले निलम्बनको अवधि समाप्त भएपछि पुनः सोही प्रकृतिको कार्य गरेमा मन्त्रालयले त्यस्तो ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको इजाजतपत्र खारेज गर्न सक्नेछ ।

(२) दफा ९ को खण्ड (ख) र (घ) बमोजिम अयोग्य भएमा त्यस्तो ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको इजाजतपत्र खारेज गर्न सकिनेछ ।

१३. इजाजतपत्र नलिई टिकटको खरीद बिक्री (टिकेटिङ्ग) गर्ने वा एजेण्टको काम गर्न नहुनेः कसैले पनि यस ऐन बमोजिम ट्राभल एजेन्सीको इजाजतपत्र नलिई हवाई सेवाबाट टिकट खरीद बिक्री (टिकेटिङ्ग) गर्ने वा जनरल सेल्स एजेण्ट (जि.एस.ए.) को रूपमा काम गर्न पाउने छैन ।

## परिच्छेद -३

## पर्यटकस्तरको साधारण होटल, लज, रेष्टुराँ तथा रिसोर्ट र बार सम्बन्धी व्यवस्था

१४. पर्यटकस्तरको साधारण होटल, लज, रेष्टुराँ तथा रिसोर्ट र बारको दर्ताः कुनै व्यक्तिले आफ्नो होटल, लज, रेष्टुराँ तथा रिसोर्ट र बारलाई पर्यटकस्तरको भनी दर्ता गर्न चाहेमा अनुसूची-३ बमोजिमको ढाँचामा अनुसूची-४ बमोजिम स्थानीय तहको सिफारिस सहित मन्त्रालय समक्ष दरखास्त दिनु पर्नेछ ।

१५. इजाजतपत्र दिने : (१) दफा १४ बमोजिम दरखास्त प्राप्त भएपछि मन्त्रालयले आवश्यक जाँचबुझ र निरीक्षण गरी उपयुक्त देखेमा दफा १६ बमोजिमको इजाजत दस्तुर लिई अनुसूची-५ बमोजिमको ढाँचामा इजाजतपत्र दिनेछ ।

(२) उपदफा (१) बमोजिम प्रदान गरिएको इजाजतपत्र हराए वा नासिएमा कारण खोली पैंतिस दिनभित्र मन्त्रालयमा निवेदन बुझाउनु पर्नेछ । मन्त्रालयले सो उपर जाँझबुझ गरी उपयुक्त देखेमा दुई हजार रुपैयाँ दस्तुर लिई इजाजतपत्रको प्रतिलिपि दिन सक्नेछ।

(३) दफा १४ बमोजिमको दरखास्त दर्ता भएकोमा इजाजतपत्र दिन नसकिने भएमा आधार र कारण खोली दर्ता गर्न नमिल्ने व्यहोराको लिखित जानकारी सम्बन्धित दरखास्तवालालाई सात दिनभित्र दिनु पर्नेछ ।

१६. दर्ता दस्तुरः (१) पर्यटकस्तरको साधारण होटल, लज, रेष्टुराँ तथा रिसोर्ट र बार दर्ता गर्दा देहाय बमोजिमको दस्तुर लाग्नेछः-

(क) साधारण होटल (पाँच हजार रुपैयाँ),

(ख) लज (पाँच हजार रुपैयाँ),

(ग) रेष्टुराँ तथा रिसोर्ट (दश हजार रुपैयाँ),

(घ) बार (दश हजार रुपैयाँ)

(२) व्यवसायीले उपदफा (१) मा उल्लिखित एकभन्दा बढी व्यवसाय समावेश गरी व्यवसाय दर्ता गर्न चाहेमा प्रत्येक व्यवसायको लागि छुट्टाछुट्टै थप दस्तुर बुझाउनु पर्नेछ ।

१७. इजाजतपत्र अद्यावधिक गर्नेः (१) यो ऐन प्रारम्भ हुनुअघि प्रचलित कानुन बमोजिम इजाजतपत्र लिएका पर्यटकस्तरको साधारण होटल, लज, रेष्टुराँ तथा रिसोर्ट र बार व्यवसायीले एक वर्षभित्र मन्त्रालयमा इजाजतपत्र अद्यावधिक गर्नु पर्नेछ । यस उपदफा बमोजिम गरिने इजाजतपत्रको अद्यावधिक वापतको दस्तुर लाग्ने छैन।

(२) उपदफा (१) बमोजिमको समयावधि भित्र इजाजतपत्र अद्यावधिक नगरेमा सुरु इजाजतपत्र लिन लाग्ने दस्तुर तिरी अद्यावधिक गर्नु पर्नेछ ।

१८. इजाजतपत्रको अवधि र नवीकरण : (१) इजाजतपत्रको अवधि पाँच वर्षको हुनेछ ।

(२) इजाजतपत्र नवीकरणका लागि अवधि समाप्त हुन अगावै अनुसूची-६ बमोजिमको ढाँचामा मन्त्रालय समक्ष दरखास्त दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको निवेदन प्राप्त भएपछि मन्त्रालयले आवश्यक जाँचबुझ गरी दफा १६ बमोजिमको दस्तुर लिई इजाजतपत्र नवीकरण गर्नेछ ।

(४) इजाजतपत्रको म्याद समाप्त भएपछि कसैले इजाजतपत्र नवीकरण गर्न चाहेमा देहाय बमोजिमको थप नवीकरण दस्तुर लाग्नेछः

(क) पहिलो छ महिनासम्म नवीकरण दस्तुरको पचास प्रतिशत,

(ख) खण्ड (क) बमोजिम म्याद समाप्त भएको मितिले पुनः छ महिनासम्म नवीकरण दस्तुरको सत प्रतिशत ।

(५) उपदफा (४) बमोजिमको म्यादभित्र पनि कसैले इजाजतपत्र नवीकरण नगरेमा त्यस्तो इजाजतपत्र स्वतः रद्द हुनेछ ।

(६) प्रचलित कानुन बमोजिम दर्ता भइ यो ऐन प्रारम्भ हुनुअघि कुनै कारणवश नवीकरण गर्ने म्याद समाप्त भइ नवीकरण हुन नसकेका ट्राभल वा ट्रेकिङ एजेन्सी, पर्यटकस्तरीय होटल, लज, रिसोर्ट तथा बार, जलयात्रा व्यवसायी भएमा जतिसुकै अवधि व्यतित भएको भए तापनि एक पटकका लागि मात्र यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र नवीकरण गर्न सक्नेछ ।

(७) उपदफा (६) बमोजिम इजाजतपत्र नवीकरणका लागि मन्त्रालयले सम्बन्धित व्यवसायीको लागि यस ऐन बमोजिम सुरु इजाजतपत्र प्राप्त गर्दा लाग्ने दस्तुरको दोब्बर दस्तुर शुल्क लिई नवीकरण गर्नुपर्नेछ।

१९. पर्यटकस्तरको साधारण होटलमा हुनुपर्ने सुविधाः पर्यटकस्तरको साधारण होटलमा न्यूनतम देहाय बमोजिमको सुविधा हुनु पर्नेछः-

(क) सुत्ने कोठा कम्तीमा दशवटा हुनुपर्ने र ती सबैमा प्राकृतिक प्रकाश आउन सक्ने र हावा चल्ने हुनुपर्ने,

(ख) कम्तीमा पच्चिस प्रतिशत कोठाको साथमा स्नानगृह तथा शौचालय (बाथरूम) संलग्न हुनुपर्ने र अन्य प्रत्येक दुई कोठाको निमित्त एकको हिसाबले आधारभूत सामग्री सहितको स्नानगृह तथा शौचालय हुनुपर्ने,

(ग) सबै कोठामा आधुनिक फर्निचर र चौबिसै घण्टा बिजुलीको राम्रो प्रबन्ध हुनुपर्ने तर स्थानीय फर्निचरको प्रयोग गरी मौलिक कला र संस्कृतिको पहिचान झल्कने फर्निचर भएमा कुनै फरक नपर्ने,

(घ) सबै कोठा नेपाली तथा सुदूरपश्चिम प्रदेशको मौलिक कला र संस्कृति झल्काउने किसिमले सजाइएको हुनुपर्ने,

(ङ) स्नानगृह र शौचालयमा पर्याप्त मात्रामा तातो र चिसो पानीको प्रबन्ध हुनुपर्ने,

(च) स्वागत कक्ष (रिसेप्सन काउन्टर) आकर्षक, मूल्यसूची राखिएको र टेलिफोनयुक्त हुनुपर्ने,

(छ) भोजन गर्ने कोठा (डाइनिङ हल) र भान्छा कोठा अलगअलग र सफा सुग्घर हुनुपर्ने,

(ज) लुगा धुने राम्रो प्रबन्ध हुनुपर्ने,

(झ) होटल व्यवसायमा अनुभवी र अंग्रेजी भाषा बुझ्न र बोल्न सक्ने आवश्यक संख्यामा कर्मचारी हुनुपर्ने,

(ञ) कर्मचारीको पोसाक सफासुग्घर र समान प्रकारको हुनुपर्ने,

(ट) ऋतु अनुसार पंखा वा हिटरको व्यवस्था हुनुपर्ने,

(ठ) प्राथमिक उपचार (फस्ट एड) र आगो निभाउने यन्त्र (फायर फाइटिङ इक्यूपमेन्ट)को प्रबन्ध हुनुपर्ने,

(ड) पर्याप्त मात्रामा इन्टरनेट सुविधा उपलब्ध भएको हुनुपर्ने,

(ढ) पर्याप्त पार्किङ्गको सुविधा भएको हुनुपर्ने।

२०. पर्यटकस्तरको साधारण लजमा हुनुपर्ने सुविधा : पर्यटकस्तरको साधारण लजमा न्यूनतम देहाय बमोजिमको सुविधा हुनु पर्नेछः-

(क) सुत्ने कोठा कम्तीमा पाँचवटा हुनुपर्ने र ती सबैमा प्राकृतिक प्रकाश आउन सक्ने र हावा चल्ने हुनुपर्ने,

(ख) कम्तीमा पच्चिस प्रतिशत कोठाको साथमा स्नानगृह तथा शौचालय (बाथरूम) संलग्न हुनुपर्ने र अन्य प्रत्येक दुई कोठाको निमित्त एकको हिसाबले आधारभूत सामग्री सहितको स्नानगृह तथा शौचालय हुनुपर्ने,

(ग) सबै कोठामा आधुनिक फर्निचर र चौविसै घण्टा बिजुलीको राम्रो प्रबन्ध हुनुपर्ने तर स्थानीय फर्निचरको प्रयोग गरी मौलिक कला र संस्कृतिको पहिचान झल्कने फर्निचर भएमा कुनै फरक नपर्ने,

(घ) सबै कोठा नेपाली तथा सुदूरपश्चिम प्रदेशको मौलिक कला र संस्कृति झल्काउने किसिमले सजाइएको हुनुपर्ने,

(ङ) स्नानगृह र शौचालयमा पर्याप्त मात्रामा तातो र चिसो पानीको प्रबन्ध हुनुपर्ने,

(च) स्वागत कक्ष (रिसेप्सन काउन्टर) आकर्षक, मूल्यसूची राखिएको र टेलिफोनयुक्त हुनुपर्ने,

(छ) लुगा धुने राम्रो प्रबन्ध हुनुपर्ने,

(ज) अनुभवी र अंग्रेजी भाषा बुझ्न र बोल्न सक्ने आवश्यक संख्यामा कर्मचारी हुनुपर्ने,

(झ) कर्मचारीको पोसाक सफासुग्घर र समान प्रकारको हुनुपर्ने,

(ञ) ऋतु अनुसार पंखा वा हिटरको व्यवस्था हुनुपर्ने,

(ट) प्राथमिक उपचार (फस्ट एड) र आगो निभाउने यन्त्र (फायर फाइटिङ इक्यूपमेन्ट)को प्रबन्ध हुनुपर्ने,

(ठ) पर्याप्त मात्रामा इन्टरनेट सुविधा उपलब्ध हुनुपर्ने,

(ड) पर्याप्त पार्किङ्गको सुविधा भएको हुनुपर्ने ।

२१. पर्यटकस्तरको साधारण रेष्टुराँ तथा रिसोर्ट र बारमा हुनुपर्ने सुविधा : पर्यटकस्तरको साधारण रेष्टुराँ तथा रिसोर्ट र बारमा न्यूनतम देहाय बमोजिमको सुविधा हुनु पर्नेछः-

(क) स्थानीय तथा परम्परागत नेपाली परिकार सहित अन्य विदेशी खानपिनको व्यवस्था हुनुपर्ने,

(ख) स्वच्छ र स्वस्थकर पिउने पानीको व्यवस्था हुनुपर्ने,

(ग) महिला र पुरुषको छुट्टाछुट्टै शौचालयको प्रबन्ध हुनुपर्ने,

(घ) पर्याप्त पार्किङ्गको व्यवस्था भएको हुनुपर्ने,

(ङ) फर्निचर लगायतका अन्य सामाग्री सफासुग्घर हुनुपर्ने,

(च) कर्मचारीको पोसाक सफासुग्घर र समान प्रकृतिको हुनुपर्ने,

(छ) ऋतु अनुसार पंखा वा हिटरको प्रबन्ध हुनुपर्ने,

(ज) प्राथमिक उपचार (फस्ट एड) र आगो निभाउने यन्त्र (फायर फाइटिङ इक्यूपमेन्ट)को प्रबन्ध हुनुपर्ने,

(झ) टेलिफोन तथा इन्टरनेटको सुविधा उपलब्ध हुनुपर्ने,

(ञ) भोजन गर्ने कोठा (डाइनिङ हल) तथा भान्छा कोठा अलगअलग र सफासुग्घर हुनुपर्ने,

(ट) रिसोर्टमा रहेका सबै कोठामा प्राकृतिक प्रकाश आउन सक्ने र हावा चल्ने हुनुपर्ने र सबै कोठा नेपाली तथा सुदूरपश्चिम प्रदेशको मौलिक कला र संस्कृति झल्काउने किसिमले सजाइएको हुनुपर्ने,

(ठ) पर्याप्त मात्रामा तातो र चिसो पानीको प्रबन्ध हुनुपर्ने,

(ड) स्वागत कक्ष (रिसेप्सन काउण्टर)मा मूल्यसूची सबैले देख्ने गरी प्रष्ट रूपमा राखिएको हुनुपर्ने,

(ढ) होटल व्यवसायमा अनुभवी र अंग्रेजी भाषा बुझ्न र बोल्न सक्ने आवश्यक संख्यामा कर्मचारी हुनुपर्ने,

(ण) तालिम प्राप्त भान्छे (कुक) हुनुपर्ने ।

२२. <u>कामदारलाई दिनुपर्ने पारिश्रमिक दर</u>ः होटल व्यवसायीले पर्यटकस्तरको साधारण होटल, लज, रेष्टुराँ तथा रिसोर्ट र बारमा काम गर्ने कामदारका लागि प्रचलित कानुन बमोजिम पारिश्रमिक, बिमा र सामाजिक सुरक्षा दिनु पर्नेछ।

२३. <u>मूल्यसूची प्रकाशित गर्नुपर्ने</u> : (१) यस ऐन बमोजिम इजाजतप्राप्त पर्यटकस्तरको साधारण होटल, लज, रेष्टुराँ तथा रिसोर्ट र बारले मन्त्रालयमा पठाउने आफ्नो मूल्यसूची नेपाली तथा अंग्रेजी दुबै भाषामा लेखी सबैले देख्ने ठाउँमा राख्नु पर्नेछ ।

(२) अनुगमन तथा निरीक्षणका क्रममा मूल्यसूची नराखेको पाइएमा राख्न लगाउन मन्त्रालयले निर्देशन दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको निर्देशन पालना नगरेमा मन्त्रालयले इजाजतपत्र रद्द गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम मन्त्रालयले इजाजतपत्र रद्द गर्नु अघि सम्बन्धित होटल व्यवसायीलाई सफाई पेस गर्ने मौका दिनु पर्नेछ ।

२४. <u>निरीक्षण वा परीक्षण गर्ने अधिकार</u> : (१) यस ऐन बमोजिम दर्ता भएको होटल, लज, रेष्टुराँ तथा रिसोर्ट र बारको मन्त्रालय वा मन्त्रालयले तोकेको अधिकारीले नियमित वा आकस्मिक निरीक्षण गर्न गराउन र त्यसमा प्रयोग गरिने खाद्य पदार्थ र अन्य सुविधा तथा सामानहरूको परीक्षण गर्न गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै होटल, लज, रेष्टुराँ तथा रिसोर्ट र बारको निरीक्षण वा त्यसमा प्रयोग हुने सामान र सुविधा परीक्षण गर्दा प्रचलित कानुन बमोजिम भएको नपाइएमा मन्त्रालय वा मन्त्रालयले तोकेको अधिकारीले इजाजतपत्र बमोजिमको मापदण्ड पूरा गर्न सूचना दिई म्याद दिनेछ।

(३) उपदफा (२) बमोजिम म्याद दिँदा पनि मापदण्ड पूरा नगरेमा मन्त्रालय वा मन्त्रालयले तोकेको अधिकारीले दर्ता निलम्बन गर्न सक्नेछ तर त्यसरी निलम्बन गर्नु अगाडि सफाइ पेस गर्ने मौका दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम निलम्बन भएको होटल, लज, रेष्टुराँ, रिसोर्ट तथा बारले निलम्बन फुकुवा गरी पाऊँ भनी मन्त्रालय समक्ष निवेदन गरेमा त्यस्तो निवेदन उपर जाँचबुझ गरी मन्त्रालयले तिस दिनभित्र आवश्यक निर्णय गर्नु पर्नेछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि दर्ता निलम्बन गरिएकोमा त्यसरी निलम्बन गरिएको मितिले एक वर्षसम्ममा यस ऐन बमोजिमको मापदण्ड पूरा गर्न नसक्ने होटल, लज, रेष्टुराँ तथा रिसोर्ट र बारको हकमा मन्त्रालयले दर्ता रद्द गर्न सक्नेछ । त्यसरी रद्द गरिएको सूचना सम्बन्धित व्यवसायीलाई निर्णय भएको मितिले पन्ध्र दिनभित्र दिनुपर्नेछ।

(६) उपदफा (५) बमोजिम दर्ता रद्द गर्ने निर्णय भएमा त्यस्तो निर्णयको जानकारी पाएको पैंतिस दिनभित्र दर्ता रद्दको निर्णयमा चित्त नबुझ्ने व्यवसायीले उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ।

२५. पर्यटकस्तरको साधारण होटल, लज, रेष्टुराँ तथा रिसोर्ट र बारउपर बन्देज : (१) यस ऐन बमोजिम दर्ता नभएको पर्यटकस्तरको साधारण होटल, लज, रेष्टुराँ तथा रिसोर्ट र बारले देहायको कुनै काम गर्न पाउने छैन :-

(क) पर्यटकस्तरको साधारण होटल, लज, रेष्टुराँ तथा रिसोर्ट र बार भन्ने अर्थ लाग्ने गरी कुनै शब्द वा चिन्ह आफ्नो साइनबोर्ड, विज्ञापन वा कारोबारमा प्रयोग गर्न, वा

(ख) पर्यटकको बसोबास वा खानपिनको प्रबन्ध गर्नको निमित्त कुनै पर्यटक वा ट्राभल एजेन्सीसँग बिना अनुमति सोझै विदेशमा सम्पर्क राख्न वा विज्ञापन गर्न ।

(२) यस ऐन बमोजिम दर्ता भएको पर्यटकस्तरको साधारण होटल, लज, रेष्टुराँ तथा रिसोर्ट र बारले दर्ता भएको व्यवसायको स्तरभन्दा माथिल्लोस्तरको भन्ने अर्थ लाग्ने गरी कुनै शब्द वा चिन्ह आफ्नो साइनबोर्ड, विज्ञापन वा कारोबारमा प्रयोग गर्न पाउने छैन ।

२६. होमस्टे (घरबास) दर्ता, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था : व्यक्तिगत वा सामुदायिक रूपमा प्रदेशमा होमस्टे (घरबास) को दर्ता, सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धी व्यवस्था होमस्टे (घरबास) सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि बमोजिम हुनेछ ।

## परिच्छेद -४

## पथ प्रदर्शक (गाइड) सम्बन्धी व्यवस्था

२७. पथ प्रदर्शकको काम गर्न इजाजतपत्र लिनुपर्नेः (१) यस ऐन बमोजिम पथ प्रदर्शकको काम गर्न चाहने व्यक्तिले इजाजतपत्र लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको इजाजतपत्र लिन चाहने व्यक्तिले अनुसूची-७ बमोजिमको ढाँचामा मन्त्रालय समक्ष दरखास्त दिनु पर्नेछ ।

(३) यो ऐन प्रारम्भ हुनुअघि प्रचलित कानुन बमोजिम इजाजतपत्र लिएका पथ प्रदर्शकले एक वर्षभित्र मन्त्रालयमा इजाजतपत्र अद्यावधिक गर्नु पर्नेछ । यस उपदफा बमोजिम गरिने इजाजतपत्रको अद्यावधिक कार्य वापतको दस्तुर लाग्ने छैन ।

(४) उपदफा (३) बमोजिमको समयावधिभित्र अद्यावधिक नगरेमा सुरू इजाजतपत्र लिन लाग्ने दस्तुर तिरेर मात्र अद्यावधिक हुनेछ।

२८. पथ प्रदर्शकको योग्यताः पथ प्रदर्शकको इजाजतपत्र लिन चाहने व्यक्तिले नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान वा पर्वतीय प्रशिक्षण प्रतिष्ठानबाट पथ प्रदर्शकको तालीम प्राप्त गरी प्रमाणपत्र पाएको हुनु पर्नेछ ।

२९. इजाजतपत्र दिनेः दफा २७ बमोजिमको इजाजतपत्र लिनका लागि पेस भएको दरखास्तउपर मन्त्रालयले आवश्यक जाँचवुझ गरी एकहजार रुपैयाँ दस्तुर लिई अनुसूची-८ बमोजिमको ढाँचामा इजाजतपत्र दिनु पर्नेछ।

३०. अयोग्यताः देहायको व्यक्तिलाई पथ प्रदर्शकको इजाजतपत्र दिइने छैन :-

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा दोषी प्रमाणित भई कैदको सजाय पाएको,

(ख) कुनै मानसिक वा सरुवा रोग लागेको,

(ग) यस ऐन बमोजिम पथ प्रदर्शकको इजाजतपत्र खारेज भई सो मितिले तीन वर्षको अवधि भुक्तान भइ नसकेको ।

३१. इजाजतपत्रको अवधि र नवीकरण : (१) पथ प्रदर्शकको इजाजतपत्रको अवधि पाँच वर्षको हुनेछ ।

(२) पथ प्रदर्शकको इजाजत प्राप्त व्यक्तिले इजाजत पत्रको म्याद समाप्त भएको पैंतिस दिनभित्र इजाजतपत्र नवीकरण गर्न अनुसुची-९ बमोजिमको ढाँचामा मन्त्रालयसमक्ष दरखास्त दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम दरखास्त प्राप्त भएपछि मन्त्रालयले पाँच सय रुपैयाँ लिई अर्को पाँच वर्षको अवधिका लागि नवीकरण गरिदिन सक्नेछ।

(४) उपदफा (२) बमोजिम इजाजतपत्र नवीकरण गर्ने म्याद नाघेपछि इजाजतपत्रको नवीकरण गर्नको लागि दरखास्त दिएमा देहायको अवधिको निमित्त नवीकरण दस्तुरको अतिरिक्त देहाय बमोजिमको थप दस्तुर लिई नवीकरण गरिदिन सक्नेछः

(क) इजाजतपत्रको नवीकरण गर्ने म्याद नाघेको दुई महिनासम्म दुई सय रुपैयाँ ।

(ख) इजाजतपत्रको नवीकरण गर्ने म्याद नाघेको चार महिनासम्म तीन सय रुपैयाँ ।

(ग) इजाजतपत्रको नवीकरण गर्ने म्याद नाघेको छ महिनासम्म पाँच सय रुपैयाँ ।

(घ) इजाजतपत्रको नवीकरण गर्ने म्याद नाघेको एक वर्षसम्म एक हजार रुपैयाँ ।

३२. इजाजतपत्र हराएमा अर्को इजाजतपत्र लिन सकिनेः (१) कुनै पथ प्रदर्शकले यस ऐन बमोजिम प्राप्त गरेको इजाजतपत्र हराएमा वा नासिएमा प्रतिलिपि पाउनको लागि कारण खोली पैंतिस दिनभित्र मन्त्रालयसमक्ष दरखास्त दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको दरखास्त मनासिब देखिएमा मन्त्रालयले दुई सय रुपैयाँ दस्तुर लिई इजाजतपत्रको प्रतिलिपि दिनु पर्नेछ।

३३. पथ प्रदर्शकले गर्न नहुने कामहरू : पथ प्रदर्शकले देहायको कुनै काम गर्नु हुँदैनः-

(क) आफूले पथ प्रदेशन गरेको पर्यटकलाई कुनै मालसामान खरिद गर्ने वा अरू कुनै सेवा उपलब्ध गर्ने काममा मद्दत गर्दा सो कामसँग सम्बन्धित विक्रेता वा अरू कुनै व्यक्तिसँग नगदी वा अरू कुनै चिज वस्तु माग्न वा लिन,

(ख) आफूलाई पथ प्रदर्शक बनाउन भनी कुनै पर्यटकलाई बाध्य गर्न,

(ग) आफ्नो इजाजतपत्र अरूलाई दिई पथ प्रदर्शकको काम गर्न लगाउन,

(घ) आफूले पथ प्रदेशक गरेको पर्यटक विरुद्ध कुनै षडयन्त्र गर्न, धोका दिन वा निजको गोपनीयता कानुन विपरीत भंग गर्न ।

३४. इजाजतपत्र खारेज गर्न सकिने : (१) देहायको कुनै अवस्थामा मन्त्रालयले कुनै पथ प्रदर्शकको इजाजतपत्र खारेज गर्न सक्नेछ ।

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा दोषी प्रमाणित भइ कैद सजाय पाएमा,

(ख) दफा ३० बमोजिम अयोग्य भएमा,

(ग) दफा ३३ बमोजिमको कुनै कुरा उल्लंघन गरेमा ।

(२) उपदफा (१) बमोजिम कुनै पथ प्रदर्शकको इजाजत खारेज गर्नु अगाडि निजलाई आफ्नो सफाइ पेस गर्नको लागि मौका दिनु पर्नेछ ।

३५. पथ प्रदर्शकले आफ्नो अनुभवको जानकारी दिनुपर्नेः पथ प्रदर्शकले प्रत्येक छ महिनामा पर्यटकहरूको सम्बन्धमा आफ्नो अनुभवको जानकारी लिखित रूपमा मन्त्रालय समक्ष पेस गर्नु पर्नेछ ।

## परिच्छेद-५

## जलयात्रासम्बन्धी व्यवस्था

३६. जलयात्राको व्यवसाय गर्न इजाजतपत्र लिनुपर्नेः (१) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिई जलयात्रा व्यवसाय गर्नु हुँदैन ।

(२) जलयात्रा व्यवसाय गर्न चाहने दफा ४० बमोजिमको सर्त पूरा गरेको जलयात्रा व्यवसायीले इजाजतपत्रको लागि अनुसूची-१० बमोजिमको ढाँचामा मन्त्रालयसमक्ष दरखास्त दिनु पर्नेछ।

(३) यो ऐन प्रारम्भ हुनुअघि प्रचलित कानुन बमोजिम इजाजतपत्र लिएका जलयात्रा व्यवसायीले एक वर्षभित्र मन्त्रालयमा इजाजतपत्र अद्यावधिक गर्नु पर्नेछ । यस उपदफा बमोजिम गरिने इजाजतपत्रको अद्यावधिक बापतको दस्तुर लाग्ने छैन ।

(४) उपदफा (३) बमोजिमको समयावधिभित्र अद्यावधिक नगरेमा सुरु इजाजतपत्र लिन लाग्ने दस्तुर तिरेर मात्र अद्यावधिक हुनेछ।

३७. इजाजतपत्र दिनेः (१) दफा ३६ बमोजिम प्राप्त भएको दरखास्त जाँचबुझ गर्दा दरखास्त दिने जलयात्रा व्यसायीले देहायका कुराहरू पूरा गरेको देखिएमा मन्त्रालयले त्यस्तो जलयात्रा व्यवसायीसँग पाँच हजार रुपैयाँ दस्तुर लिई जलयात्रा व्यवसाय गर्न अनुसूची-११ बमोजिमको ढाँचामा इजाजतपत्र दिनेछः-

(क) जलयात्रा व्यवसायीका नाममा कम्तीमा दुईवटा जलयात्राका साधन भएको,

(ख) जलयात्रा व्यवसाय सञ्चालन गर्न मन्त्रालयले तोके बमोजिमको गुणस्तरका सुरक्षात्मक उपकरण तथा सामग्री भएको,

(ग) मन्त्रालयले समय-समयमा तोकिदिएको अन्य कुराहरू पूरा गरेको ।

(२) उपदफा (१) को खण्ड (ख) मा उल्लिखित सुरक्षात्मक उपकरण तथा सामग्री मन्त्रालयले तोकेको गुणस्तर बमोजिम भए वा नभएको जाँच गरी मन्त्रालयमा प्रतिवेदन पेस गर्नको लागि मन्त्रालयले सम्बन्धित क्षेत्रको विज्ञ र प्रतिनिधि समेत रहने गरी पाँच सदस्यीय समिति गठन गर्नेछ।

३८. <u>कम्पनी वा फर्मको दर्ता तथा बैङ्क ग्यारेण्टी सम्बन्धी व्यवस्था</u>: जलयात्रा व्यवसायीले इजाजतपत्र लिनुअघि देहाय बमोजिमका कुराहरू पूरा गरेको हुनु पर्नेछः-

(क) कम्पनीको हकमा कम्तीमा दुई लाख रुपैयाँ पुँजी भएको कम्पनी र फर्मको हकमा कम्तीमा दुई लाख रुपैयाँ जायजेथा भएको फर्म दर्ता गर्नुपर्ने,

(ख) मन्त्रालयको नाममा पचास हजार रुपैयाँ बराबरको बैङ्क जमानत दाखिला गर्नुपर्ने ।

३९. <u>इजाजतपत्रको अवधि र नवीकरण</u> : (१) दफा ३७ बमोजिम दिइएको इजाजतपत्रको अवधि पाँच वर्षको हुनेछ।

(२) इजाजतपत्र नवीकरण गराउन चाहने जलयात्रा व्यवसायीले इजाजतपत्रको बहाल अवधि समाप्त हुनु भन्दा तीन महिना अगावै पाँच हजार रुपैयाँ मन्त्रालयमा बुझाइ इजाजतपत्र नवीकरण गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको अवधि समाप्त भएपछि इजाजतपत्र प्राप्त जलयात्रा व्यवसायीले इजाजतपत्र नवीकरण गर्न आएमा इजाजतपत्रको बहाल अवधि समाप्त भएको मितिले पहिलो दुई महिनासम्मको लागि नवीकरण दस्तुरको पचास प्रतिशत र त्यसपछिको एक महिनासम्मको लागि शतप्रतिशत थप नवीकरण दस्तुर लिई मन्त्रालयले इजाजतपत्र नवीकरण गर्नेछ ।

(४) उपदफा (३) बमोजिमको म्यादभित्र पनि जलयात्रा व्यवसायीले इजाजतपत्र नवीकरण नगराएमा त्यस्तो इजाजतपत्र स्वतः रद्द हुनेछ।

४०. <u>इजाजतपत्र प्राप्त जलयात्रा व्यवसायीले पालना गर्नुपर्ने सर्तहरू</u> : इजाजत प्राप्त जलयात्रा व्यवसायीले देहायका सर्त पालना गर्नु पर्नेछः-

(क) जलयात्रामा जलयात्रीलाई लैजानु अघि जलयात्रामा जाने व्यक्तिको नाम, ठेगानाको अभिलेख राख्ने,

(ख) नेपाल सरकार तथा प्रदेश सरकारले जलयात्राको लागि खुला गरिएका नदी बाहेक अन्यत्र रहेका नदीमा पर्यटकलाई जलयात्रा नगराउने,

(ग) जलयात्रा व्यवसाय सञ्चालन सम्बन्धी आचारसंहिता पालना गर्नुपर्ने,

(घ) जलयात्रा गर्दा, गराउँदा सम्बन्धित कामको लागि नियुक्त कामदारबाट मात्र सेवा लिनुपर्ने,

(ङ) जलयात्रामा संलग्न हुने कामदारलाई आपसी करार गरेर मात्र काममा लगाउनु पर्ने,

(च) प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र वार्षिक प्रतिवेदन मन्त्रालयमा पेस गर्नुपर्ने,

(छ) आफूले पाएको इजाजतपत्र कार्यालयमा सबैले देख्ने ठाउँमा राख्नुपर्ने,

(ज) जलयात्रा गर्दा, गराउँदा वातावरणीय सरसफाई तथा फोहोरमैला व्यवस्थापन सम्बन्धमा प्रचलित कानुनले तोकेको व्यवस्थाको पूर्ण पालना गर्नुपर्ने,

(झ) प्रबन्धपत्रमा जलयात्रा व्यवसायीले गर्न पाउने भनी तोकिएको काम मात्र गर्न पाउने,

(ञ) आफ्नो सेवा बापत पर्यटकबाट लिइने शुल्कको दरको सूचना मन्त्रालयलाई दिनुपर्ने र त्यस्तो शुल्कको दर कार्यालयमा सबैले प्रष्टसँग देख्न, पढ्न र बुझ्न सक्ने गरी राख्नुपर्ने,

(ट) प्रचलित कानुन र मन्त्रालयले दिएको निर्देशनको पालना गर्नुपर्ने ।

४१. <u>इजाजतपत्र रद्द गर्न सक्ने</u>: (१) जलयात्रा व्यवसायीले यस ऐन विपरीत जलयात्रा गराएमा मन्त्रालयले निजको इजाजतपत्र रद्द गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्र रद्द गर्नु अघि मन्त्रालयले त्यस्तो जलयात्रा व्यवसायीलाई आफ्नो सफाई पेस गर्न मौका दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम इजाजत पत्र रद्द भएको जलयात्रा व्यवसायीले इजाजतपत्र रद्द भएको मितिबाट दुई वर्षसम्म जलयात्रा सम्बन्धी व्यवसाय गर्न पाउने छैन र निजलाई नयाँ इजाजतपत्र पनि दिइने छैन।

(४) उपदफा (१) बमोजिम इजाजतपत्र रद्द भएको कारणबाट मात्र त्यस्तो जलयात्रा व्यवसायी यस ऐन बमोजिमको दायित्वबाट मुक्त हुने छैन ।

४२. सुरक्षा सम्बन्धी व्यवस्थाः (१) जलयात्रा व्यवसायीले जलयात्रामा जाने पर्यटक तथा नेपाली कामदारलाई जीवन सुरक्षा ज्याकेट (लाईफ ज्याकेट), हेल्मेट जस्ता सुरक्षात्मक सामग्रीहरू उपलब्ध गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सुरक्षात्मक सामग्री व्यवस्था नगरेको कारणबाट जलयात्रामा जाने व्यक्तिलाई कुनै किसिमको चोटपटक लागेमा वा निजको मृत्यु भएमा सम्बन्धित जलयात्रा व्यवसायीले त्यस्तो व्यक्तिलाई देहायको क्षतिपूर्ति तिर्नु पर्नेछ :-

(क) चोटपटक लागेमा त्यस्तो चोटपटकको प्रकृति हेरी दुईलाख रुपैयाँसम्म,

(ख) मृत्यु भएमा दशलाख रुपैयाँसम्म ।

(३) जलयात्राको सिलसिलामा कुनै दुर्घटना भएमा त्यस्तो दुर्घटनाको प्राथमिक खोज तथा उद्धार सम्बन्धी कार्य र जलयात्रा व्यवसायीको मृत्यु भएमा सो शवको व्यवस्थापन सम्बन्धित जलयात्रा व्यवसायीले गर्नु पर्नेछ।

## परिच्छेद-६

## रिभर गाइडसम्बन्धी व्यवस्था

४३. अनुमतिपत्रको लागि दरखास्त दिनुपर्नेः (१) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिई रिभर गाइडको काम गर्नु हुँदैन ।

(२) रिभर गाइडको काम गर्न चाहने व्यक्तिले अनुमतिपत्रको लागि अनुसूची-१२ बमोजिमको ढाँचामा मन्त्रालय समक्ष दरखास्त दिनु पर्नेछ।

(३) यो ऐन प्रारम्भ हुनु अघि प्रचलित कानुन बमोजिम अनुमतिपत्र लिएका रिभर गाइडले एक वर्षभित्र मन्त्रालयमा अनुमतिपत्र अद्यावधिक गर्नु पर्नेछ । यस उपदफा बमोजिम गरिने अनुमतिपत्रको अद्यावधिक कार्य बापतको दस्तुर लाग्ने छैन ।

(४) उपदफा (३) बमोजिमको समयावधि भित्र अद्यावधिक नगरेमा सुरू अनुमतिपत्र लिन लाग्ने दस्तुर तिरेर मात्र अद्यावधिक हुनेछ।

४४. अनुमतिपत्र दिनेः दफा ४३ बमोजिम प्राप्त भएको दरखास्त जाँचबुझ गर्दा उपयुक्त र योग्य देखिएमा मन्त्रालयले पाँच सय रुपैयाँ दस्तुर लिई अनुसूची-१३ बमोजिम रिभर गाइडको अनुमतिपत्र दिनेछ।

४५. अयोग्यताः देहायको व्यक्ति रिभर गाइडको अनुमतिपत्रको लागि योग्य हुने छैनः-

(क) नैतिकपतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको,

(ख) नेपाल सरकारबाट मान्यता प्राप्त संस्थाबाट रिभर गाइडको तालीम नलिएको,

(ग) कुनै मानसिक वा सरुवा रोग लागेको,

(घ) रिभर गाइडको अनुमतिपत्र खारेज भइ तीन वर्षको अवधि भुक्तान भइ नसकेको ।

४६. अनुमतिपत्रको अवधि र नवीकरण : (१) दफा ४४ बमोजिम प्रदान गरिएको अनुमतिपत्रको अवधि पाँच वर्षको हुनेछ ।

(२) अनुमतिपत्र नवीकरण गर्न चाहने अनुमतिपत्र प्राप्त व्यक्तिले अनुमतिपत्रको अवधि समाप्त हुनुभन्दा तीन महिना अगाडि नै दुई सय रुपैयाँ मन्त्रालयमा बझाइ अनुमतिपत्र नवीकरण गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको अवधि समाप्त भएपछि अनुमतिपत्र प्राप्त व्यक्तिले अनुमतिपत्र नवीकरण गर्न आएमा अनुमतिपत्रको बहाल अवधि समाप्त भएको मितिले पहिलो दुई महिनासम्मको लागि नवीकरण

दस्तुरको पच्चिस प्रतिशत, छ महिनासम्मको लागि पचास प्रतिशत, नौ महिनासम्मको लागि पचहत्तर प्रतिशत र एक वर्षसम्मको लागि शत प्रतिशत थप दस्तुर लिई मन्त्रालयले अनुमतिपत्र नवीकरण गर्नेछ।

(४) उपदफा (३) बमोजिमको म्यादभित्र पनि अनुमतिपत्र नवीकरण नगरेमा स्वतः रद्द हुनेछ।

४७. रिभर गाइडले गर्न नहुने कामहरूः रिभर गाइडले देहायका काम गर्नु हुँदैनः-

(क) आफूले जलयात्रा गराएको पर्यटकसँग कुनै किसिमको मालसामान खरीद गर्न वा सो कामसँग सम्बन्धित व्यक्तिसँग नगद वा अरू कुनै चिज वस्तु माग्न वा लिन,

(ख) जलयात्रा व्यवसायीले उपलब्ध गराएका उपकरण बेचबिखन गर्न,

(ग) जलयात्रा व्यवसायीको निर्देशन विपरीतका कार्य गर्न,

(घ) कुनै पनि किसिमले खराब आचरण प्रदर्शन गर्न,

(ङ) आफ्नो अनुमतिपत्र अरूलाई हस्तान्तरण गरी रिभर गाइडको काम गर्न लगाउन,

(च) रिभर गाइडले पालना गर्नुपर्ने आचरण विपरीतका कार्य गर्न।

४८. रिभर गाइडको काम, कर्तव्य र अधिकारः रिभरगाइडको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) जलयात्रा व्यवसायीबाट जलयात्राको मालसामानहरू हिनामिना हुन नदिने,

(ख) जलयात्राको लागि नेपाल सरकार र सुदूरपश्चिम प्रदेश सरकारबाट खुला गरिएका नदीमा मात्र जलयात्रा टोलीलाई जलयात्रा गराउने,

(ग) जलयात्रा टोलीसँग अनुशासित मर्यादित सम्बन्ध राखी काम गर्नुपर्ने,

(घ) जलयात्रा टोलीलाई सुरक्षित तरिकाले जलयात्रा गराउन सहयोग गर्ने,

(ङ) जलयात्रा टोलीलाई विपद् परेमा उद्धार र सहयोग गर्ने र जलयात्रीको जीउधन संरक्षण गर्ने,

(च) जलयात्राको सिलसिलामा सरसामान प्रयोग गर्दा निस्केको फोहोरमैला प्रचलित कानुन बमोजिम व्यवस्थित गर्ने,

(छ) मन्त्रालय र सम्बन्धित जलयात्रा व्यवसायीले दिएको निर्देशन बमोजिम काम गर्ने ।

४९. अनुमतिपत्र खारेज गर्न सकिनेः (१) देहायका अवस्थामा मन्त्रालयले रिभर गाइडको अनुमतिपत्र खारेज गर्न सक्नेछ ।

(क) अनुमतिपत्र प्राप्त व्यक्ति दफा ४५ बमोजिम अयोग्य भएमा,

(ख) अनुमतिपत्र प्राप्त व्यक्तिले दफा ४७ मा उल्लेख भए बमोजिमको कुनै काम गरेमा।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र खारेज गर्नुअघि मन्त्रालयले निजलाई सफाइ पेस गर्ने मौका दिनु पर्नेछ ।

५०. करार गराएर मात्र काममा लगाउनु पर्ने : इजाजतपत्र प्राप्त जलयात्रा व्यवसायीले कुनै व्यक्तिलाई जलयात्रा सम्बन्धी काममा लगाउँदा करार गरेर मात्र लगाउनु पर्नेछ ।

५१. व्यक्तिगत दुर्घटना बिमा र क्षतिपूर्ति सम्बन्धी व्यवस्था :(१) इजाजतपत्र प्राप्त जलयात्रा व्यवसायीले जलयात्रा टोलीसँग जाने रिभर गाइड वा कामदारको जलयात्रामा जानु अघि नेपालमा बिमा व्यवसायको कारोबार गर्न पाउने इजाजतपत्र प्राप्त बिमा कम्पनीबाट जलयात्रा अवधिभरको लागि कम्तीमा दुई लाख रुपैयाँको व्यक्तिगत दुर्घटना बिमा गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम बिमा नगराई रिभर गाइड वा अन्य कामदारलाई काममा लगाएमा मन्त्रालयले पाँच हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

(३) जलयात्रा टोलीसँग जाने कामदारलाई जलयात्राको क्रममा सामान्य चोटपटक लागेमा जलयात्रा व्यवसायीले निजको आफ्नो खर्चमा आवश्यक औषधोपचार गरिदिनु पर्नेछ ।

५२. प्रतिलिपि दिने : (१) कसैले यस परिच्छेद बमोजिम लिएको अनुमतिपत्र हराए वा नासेमा पैँतिस दिनभित्र कारण खुलाइ मन्त्रालयसमक्ष दरखास्त दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दिइएको दरखास्त जाँचबुझ गर्दा हराएको वा नासिएको देखिएमा मन्त्रालयले दुई सय रुपैयाँ दस्तुर लिई दरखास्तवालालाई इजाजतपत्र वा अनुमतिपत्रको प्रतिलिपि उपलब्ध गराउनु पर्नेछ ।

५३. <u>अन्य पर्यटन व्यवसाय सम्बन्धी व्यवस्थाः</u> ग्लाइडिङ, जंगल सफारी, क्याम्पिङ, हाईकिङ, बर्डवाचिङ, जीपलाईन, गुरिल्ला ट्रेल, स्काइड, केबुलकार, रक क्लाइम्बिङ, क्यानोइङ, धार्मिक पर्यटन लगायत अन्य पर्यटन व्यवसायहरू सम्बन्धी व्यवस्थाहरू तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद - ७
## <u>दण्ड जरिबाना</u>

५४. <u>जरिबाना</u> : (१) कसैले देहायको कार्य गरे वा गराएमा मन्त्रालयले देहाय बमोजिम जरिबाना गर्न सक्नेछः-

(क) दफा ५ बमोजिम इजाजतपत्र नलिई कसैले ट्राभल वा ट्रेकिङ्ग एजेन्सी खोलेमा वा सञ्चालन गरेमा वा सो सम्बन्धी कारोबार गरेमा वा गर्न खोजेमा त्यस्तो ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीलाई सो सम्बन्धी कारोबार बन्द गर्न लगाइ निजलाई पचास हजार रुपैयाँ,

(ख) दफा ११ बमोजिम ट्राभल वा ट्रेकिङ्ग ऐजिन्सीको इजाजतपत्र निलम्बन भएको अवस्थामा कसैले ट्राभल वा ट्रेकिङ्ग एजेन्सी सम्बन्धी काम गरेमा निजलाई एक लाख रुपैयाँ जरिबाना गरी त्यस्तो व्यक्ति वा फर्मले पाएको ट्राभल वा ट्रेकिङ एजेन्सीको इजाजतपत्र समेत रद्द गर्न,

(ग) दफा १० बमोजिमको शुल्क सम्बन्धी सूचना प्रकाशित नगर्ने व्यक्तिलाई पहिलो पटक कसुर गरेको भए पचास हजार रुपैयाँ र दोश्रो पटक देखि पटकै पिच्छे एक लाख रुपैयाँ,

(घ) यस ऐन बमोजिम दर्ता नगराई पर्यटकस्तरको हो भनी कुनै होटल, लज, रेष्टुराँ, रिसोर्ट तथा बार सञ्चालन गरेमा वा दफा २५ को उपदफा (१) को व्यवस्था उल्लंघन गरेमा पहिलो पटक भए पच्चिस हजार रुपैयाँ, दोस्रो पटक भए पचास हजार रुपैयाँ र तेस्रो पटकदेखि प्रत्येक पटकको लागि एक लाख रुपैयाँ,

(ङ) दफा २५ को उपदफा (२) उल्लंघन गरी कुनै शब्द वा चिन्ह प्रयोग गरेमा मन्त्रालयले त्यस्तो होटलको दर्ता निलम्बन वा रद्द गर्न सक्नेछ ।

(च) मन्त्रालय वा मन्त्रालयले तोकेको कर्मचारीलाई होटल, लज, रेष्टुराँ तथा रिसोर्ट र बार निरीक्षण गर्न वा त्यसमा प्रयोग गरिने खाने पिउने सामानहरूको परीक्षण गर्न कसैले बाधा विरोध गरेमा त्यस्तो व्यक्तिलाई पच्चिस हजार रुपैयाँ,

(छ) दफा २९ बमोजिम इजाजतपत्र प्राप्त नगरी पथ प्रदर्शकको काम गरेमा पच्चिस हजार रुपैयाँ जरिबाना गरी निजलाई दुई वर्षसम्म पथ प्रदर्शकको कार्य गर्न नपाउने गरी प्रतिबन्ध,

(ज) इजाजतपत्र नवीकरण नगरी पथ प्रदर्शकको काम चालु राखेमा पच्चिस हजार रुपैयाँ जरिबाना र एक वर्षसम्म पथ प्रदर्शकको कार्य गर्न नपाउने गरी प्रतिबन्ध,

(झ) दफा ३७ बमोजिम इजाजतपत्र नलिई वा यस ऐन विपरीत कसैले जलयात्रा व्यवसाय गरेमा वा जलयात्रा सम्बन्धी काम गरेमा त्यस्तो जलयात्रा गराउने व्यक्ति वा व्यवसायीको कारोबार र काम बन्द गर्न लगाइ एक लाखसम्म जरिबाना।

(२) उपदफा (१) बमोजिम मन्त्रालयबाट भएको जरिबाना तथा आदेशमा चित्त नबुझ्ने व्यक्तिले पैंतिस दिनभित्र उच्च अदालत समक्ष उजुरी दिन सक्नेछ ।

## परिच्छेद- ८
## <u>विविध</u>

५५. <u>पर्यटकीय क्षेत्रको घोषणा सम्बन्धी व्यवस्थाः</u> (१) प्रदेश सरकारले प्रदेशभित्र कुनै पनि स्थान वा एक वा एकभन्दा बढी स्थानीय तहको खास क्षेत्रलाई पर्यटकीय क्षेत्र घोषणा गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम घोषणा गरेको क्षेत्रको प्रवर्धन, विकास र व्यवस्थापन गर्न मन्त्रालयले प्रचलित कानुन बमोजिम समिति गठन गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम गठन हुने समितिको काम, कर्तव्य, र अधिकार र त्यस्ता समितिको क्षमता लगायतका विषय तोकिए बमोजिम हुनेछ।

५६. अरूलाई काम गर्न दिन नहुनेः यस ऐन बमोजिम ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको इजाजतप्राप्त व्यक्ति वा पर्यटकस्तरको साधारण होटल, लज, रेष्टुराँ तथा रिसोर्ट र बार व्यवसायी वा जलयात्रा व्यवसायी वा पथ प्रदर्शकले आफ्नो व्यवसाय अरूलाई बन्धक दिन वा अरू कुनै किसिमले आफ्नो व्यवसायको नामबाट अरू कसैलाई काम गर्न दिनु हुँदैन ।

तर यस दफा बमोजिमको व्यवसायीले कुनै वित्तीय संस्थासँग कारोबार गर्न यस दफाले बाधा पुऱ्याएको मानिने छैन ।

५७. विवरण हेरफेर भएमा सूचना दिनुपर्नेः यस ऐन बमोजिम दर्ता भएको पर्यटन व्यवसायको दर्ताको लागि दरखास्त दिँदा खुलाएको विवरणमा कुनै हेरफेर गरिएमा सो गरेको पन्ध्र दिनभित्र सोको सूचना मन्त्रालयसमक्ष दिनु पर्नेछ।

५८. व्यवसाय बन्द गर्नु परेमा सूचना दिनुपर्नेः (१) यस ऐन बमोजिम ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको अनुमतिपत्र वा इजाजतपत्र प्राप्त व्यक्तिले वा पर्यटकस्तरको साधारण होटल, लज, रेष्टुराँ तथा रिसोर्ट र बार वा जलयात्रा दर्ता गराउने व्यक्तिले वा रिभरगाइड वा पथ प्रदर्शकले आफ्नो व्यवसाय बन्द गरेमा बन्द गरेको मितिले पन्ध्र दिनभित्र मन्त्रालयसमक्ष सूचना दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचना प्राप्त भएपछि इजाजत प्राप्त पर्यटकस्तरको साधारण होटल, लज, रेष्टुँरा तथा रिसोर्ट र बार बन्द भएको व्यहोरा मन्त्रालयले अभिलेखमा जनाउनु पर्नेछ ।

५९. अधिकार प्रत्यायोजन गर्न सक्ने : यस ऐन बमोजिम मन्त्रालयलाई प्राप्त अधिकार मध्ये सबै वा केही अधिकार मन्त्रालयले मातहतको कुनै कार्यालय वा अधिकारी वा अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

६०. अनुसूचीमा हेरफेर गर्न सक्नेः यस ऐन कार्यान्वयनको क्रममा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा हेरफेर गर्न सक्नेछ ।

६१. प्रचलित कानुन बमोजिम हुनेः यस ऐनमा लेखिएको कुरामा यसै ऐन बमोजिम र अन्यको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

६२. नियम, निर्देशिका र कार्यविधि बनाउने अधिकारः यो ऐन कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम, निर्देशिका र कार्यविधि बनाउन सक्नेछ।

अनुसूची-१

(दफा ४ सँग सम्बन्धित)

ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको इजाजतपत्रको लागि दिइने दरखास्तको ढाँचा

श्री ...................................,

........................................ ।

ट्राभल/ट्रेकिङ्ग एजेन्सीको काम गर्न इच्छा भएकोले देहायका विवरण खुलाइ आवश्यक कागजातहरू संलग्न राखी दरखास्त बापत एकसय रुपैयाँ यसैसाथ राखी यो दरखास्त पेस गरेको छु।

१. प्रस्तावित ट्राभल/ट्रेकिङ्ग एजेन्सीको:-

(क) नामः

(ख) ठेगानाः

(ग) धनी/सेयर धनी/प्रोप्राइटरको नाम र विवरणः

| क.सं. | नाम | उमेर | ठेगाना | सेयर वा हिस्सा | |
|---|---|---|---|---|---|
| | | | | रकम | प्रतिशत |
| | | | | | |

२. ट्राभल/ट्रेकिङ्ग एजेन्सीमा लगानी गरेको पुँजी:-

(क) अधिकृत पुँजीः

(ख) जारी पुँजीः

(ग) चुक्ता पुँजीः

(घ) स्थिर पुँजीः

(ङ) चालू पुँजीः

३. ट्राभल/ट्रेकिङ्ग एजेन्सीको शाखा कार्यालय खोल्ने भएमा:-

(क) संख्याः

(ख) सुदूरपश्चिम प्रदेशभित्र

(ग) सुदूरपश्चिम प्रदेशबाहिर

४. आगामी तीन वर्षमा सेवा पुऱ्याउने अनुमानित पर्यटक संख्या तथा विदेशी मुद्रा आर्जन सम्बन्धी विवरण:-

| वर्ष | पर्यटकको संख्या | विदेशी मुद्रा आर्जन | पर्यटक ल्याउने प्रमुख देशहरू |
|---|---|---|---|
| पहिलो | | | |
| दोस्रो | | | |
| तेस्रो | | | |

५. प्रस्तावित जनशक्तिको विवरण:-

| संख्या | टिकेटिङ्ग अफिसर | ट्राभल/ट्रेकिङ्ग अफिसर | प्रशासनिक कर्मचारी | लेखाको कर्मचारी | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|
| | | | | | | |

६. सवारी साधनको प्रस्तावित व्यवस्था:-

| सवारी साधन | संख्या | भाडामा लिने | खरिद गर्ने |
|---|---|---|---|
| बस | | | |
| मिनीबस | | | |
| माइक्रोबस | | | |
| जीप | | | |
| कार | | | |

| | | | |
|---|---|---|---|
| अन्य | | | |

७. विदेशी ट्राभल वा ट्रेकिङ्ग वा अन्य त्यस्तै प्रकृतिका एजेन्सीहरूसँग सम्बद्धता कायम गरिने भएमा त्यसको:-

नामः फ्याक्सः

ठेगानाः इन्टरनेटः

टेलिफोनः इमेलः

८. अन्य कुनै कुरा भएः ....................................................

९. आवश्यक कागजातहरू:-

(१) कम्पनी/फर्म दर्ताको प्रमाणपत्रको प्रतिलिपि,

(२) प्रबन्धपत्र तथा नियमावलीको प्रतिलिपि (कम्पनीको हकमा),

(३) प्रोप्राइटर, साझेदारी वा संस्थापक सेयरधनी नेपाली नागरिक भए निजको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र विदेशी नागरिक भए निजको राहदानी र नेपाल सरकारले जारी गरेको प्रवेशाज्ञा (भिसा) को प्रतिलिपि, व्यवसाय गर्न पाउने नेपाल सरकारको आधिकारिक अनुमतिपत्र, नेपाल सरकारद्वारा प्रदान गरिएको उद्योग वा व्यवसाय गर्ने इजाजतपत्र र प्रचलित कानुन बमोजिमको अन्य कागजात,

(४) प्रोप्राइटर, साझेदारी वा संस्थापक सेयरधनीको फोटो सहितको व्यक्तिगत विवरण,

(५) कार्यालय आफ्नो भवनमा भए सोको नक्सा, घरजग्गाको तिरो तिरेको रसिद र जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि, भाडामा लिने भए घरधनीसँगको सम्झौताको प्रतिलिपि,

(६) व्यक्ति, फर्म वा कम्पनीको कबुलियतनामा,

(७) सर्तसम्बन्धी कबुलियतनामा,

(८) एकभन्दा बढी प्रोप्राइटर/सञ्चालक भएको अवस्थामा तीमध्ये कुनै एक जनालाई प्रोप्राइटर/सेयरधनीको निर्णयानुसार अख्तियारी दिएको भए त्यस्तो कागजातको प्रतिलिपि,

(९) बैङ्क ग्यारेन्टीको सक्कलै कागज,

(१०) स्थायी लेखा नं. वा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(११) करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,

(१२) नेपाली नागरिकताको प्रतिलिपि ।

माथि लेखिएको व्यहोरा ठिक साँचो छ, झुट्टा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।

दरखास्तवालाको,-

सहीः

नामः

ठेगानाः

मितिः

अनुसूची-२

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको इजाजतपत्रको ढाँचा

इजाजतपत्र संख्या .........................

श्री ..........................................,

............................................ ।

तपाईलाई सुदूरपश्चिम प्रदेश पर्यटन ऐन, २०७७ को दफा ५ को उपदफा (१) बमोजिम ट्राभल/ट्रेकिङ्ग एजेन्सीको काम गर्न यो इजाजतपत्र दिइएको छ ।

१. इजाजतपत्र प्राप्त व्यक्तिको:-

(क) नामः

(ख) ठेगानाः

(ग) धनी/संस्थापक सेयर धनी/प्रोप्राइटरको नाम र विवरणः

२. ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको:-

(क) नामः

(ख) मुख्य कार्यालय रहने ठेगानाः

(ग) शाखा कार्यालय रहने ठेगानाः

३. इजाजतपत्रको अवधि:-

कार्यालयको छाप

इजाजतपत्र दिने अधिकारीको,-

सहीः

नामः

पदः

कार्यालयः

मितिः

नवीकरणको विवरण

| इजाजतपत्रको अवधि | | नवीकरण दस्तुर तथा अन्य विवरण | नवीकरण गरेको मिति | नवीकरण गर्ने अधिकारीको सही |
|---|---|---|---|---|
| देखि | सम्म | | | |
| | | | | |

अनुसूची-३

(दफा १४ सँग सम्बन्धित)

<u>पर्यटकस्तरीय साधारण होटल, लज, रेष्टुराँ तथा रिसोर्ट र बारको दर्ताका लागि दिइने दरखास्तको ढाँचा</u>

श्री ..................................................,

.............................................. ।

मैले/हामीहरूले सञ्चालन गरिरहेको ................................... लाई सुदूरपश्चिम प्रदेश पर्यटन ऐन, २०७७ को दफा १४ बमोजिम पर्यटकस्तरको साधारण होटल/लज/रेष्टुराँ तथा रिसोर्ट/बारको रूपमा दर्ता गरी पाउनको निमित्त दरखास्त दस्तुर बापत एक सय रुपैयाँ र तपसिल बमोजिमका आवश्यक कागजातहरू यसैसाथ राखी निवेदन गर्दछु/गर्दछौं ।

(क) कम्पनी वा फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) व्यवसाय सञ्चालन गर्ने भवनको नक्सा र भवन सम्पन्नताको प्रमाणपत्र,

(ग) सञ्चालकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि र व्यक्तिगत विवरण,

(घ) सेयर धनी भए सेयर धनीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र व्यक्तिगत विवरण,

(ङ) जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि,

(च) घरजग्गा भाडामा लिएको भए घरजग्गा धनीसँग भएको सम्झौताको प्रतिलिपि,

(छ) सम्बन्धित स्थानीय तहमा व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ज) प्रबन्धपत्र र नियमावलीको प्रतिलिपि (कम्पनीको हकमा मात्र),

(झ) पार्किङ्गको सुविधा भएको प्रमाणित गर्ने कागजात वा पार्किङ्गको लागि जग्गा भाडामा लिने सम्झौता गरिएको भए सम्झौताको कागजात,

(ठ) वातावरणसम्बन्धी प्रचलित कानुन बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन,

(ड) स्थायी लेखा नं. वा मूल्य अभिवृद्ध कर दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ढ) नेपाली नागरिकताको प्रतिलिपि।

सुदूरपश्चिम प्रदेश पर्यटन ऐन, २०७७ र प्रचलित कानुनको अधीनमा रही आफ्नो कारोबार सञ्चालन गर्नेछु/गर्नेछौं।

<u>निवेदक</u>

सहीः

निवेदकको नामः

ठेगानाः

मितिः

अनुसूची-४

(दफा १४ सँग सम्बन्धित)

<u>स्थानीय तहले सिफारिस गर्दा खुलाउनु पर्ने विवरण</u>

(क) व्यवसाय गर्न लागिएको स्थान,

(ख) जग्गाको क्षेत्रफल र चार किल्ला,

(ग) भवन निर्माण सम्बन्धी विवरण (भौतिक बनावट, कोठाको संख्या, साइज, स्नान गृह र शौचालयको व्यवस्था सम्बन्धी),

(घ) भौतिक पूर्वाधार (खानेपानी, ढल, बत्ती, बाटो) को विवरण,

(ङ) ऐतिहासिक, धार्मिक, पुरातात्विक महत्वका वस्तुलाई असर पार्ने, नपार्ने

(च) वातावरण सम्बन्धी विवरण,

(छ) वरिपरिको दृश्य, उपयुक्तता र स्तरीयता जस्ता अन्य आवश्यक कुरा ।

अनुसूची-५

(दफा १५ को उपदफा (१) सँग सम्बन्धित)

पर्यटकस्तरीय साधारण होटल, लज, रेष्टुराँ तथा रिसोर्ट र बारको इजाजतपत्रको ढाँचा

इजाजतपत्र संख्या ............

श्री ................................................,

.............................................. ।

तपाईंलाई .......................................................... सञ्चालन गर्न सुदूरपश्चिम प्रदेश पर्यटन ऐन, २०७७ को दफा १५ को उपदफा (१) बमोजिम यो इजाजतपत्र दिइएको छ ।

१. इजाजतपत्र प्राप्त व्यक्तिको:-

(क) नामः

(ख) ठेगानाः

(ग) धनी/संस्थापक सेयर धनी/प्रोप्राइटरको नाम र विवरणः

कार्यालयको छाप

इजाजतपत्र दिने अधिकारीको:-

सहीः

नामः

पदः

कार्यालयः

मितिः

नवीकरणको विवरण

| इजाजतपत्रको अवधि | | नवीकरण दस्तुर तथा अन्य विवरण | नवीकरण गरेको मिति | नवीकरण गर्ने अधिकारीको सही |
|---|---|---|---|---|
| देखि | सम्म | | | |
| | | | | |

नोटः प्रबन्धपत्रमा उल्लिखित कार्य मात्र गर्नु पर्नेछ।

अनुसूची-६

(दफा १८ को उपदफा (२) सँग सम्बन्धित)

पर्यटकस्तरीय साधारण होटल, लज, रेष्टुराँ तथा रिसोर्ट र बारको नवीकरणका लागि दिइने दरखास्तको ढाँचा

श्री ....................................................,

.............................................. ।

मैले/हामीहरूले सञ्चालन गरिरहेको .................................... लाई सुदूरपश्चिम प्रदेश पर्यटन ऐन, २०७७ को दफा १८ को उपदफा (२) बमोजिम नवीकरण गर्नको निमित्त दरखास्त दस्तुर बापत एक सय रुपैयाँ र आवश्यक कागजातहरू यसैसाथ संलग्न राखी निवेदन गर्दछु/गर्दछौं ।

सुदूरपश्चिम प्रदेश पर्यटन ऐन, २०७७ को अधीनमा रही आफ्नो कारोबार सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/गर्दछौं ।

निवेदक

सहीः

निवेदकको नामः

ठेगानाः

मितिः

अनुसूची-७

(दफा २७ को उपदफा (२) सँग सम्बन्धित)

पथ प्रदर्शकको इजाजतका लागि दिइने दरखास्तको ढाँचा

श्री ...................................................,

............................................... ।

म/हामीलाई पथ प्रदर्शकको काम गर्ने इच्छा भएकोले इजाजतपत्र पाउनका निमित्त दरखास्त दस्तुर एकसय रुपैयाँ र निम्न बमोजिमका आवश्यक कागजातहरू यसै साथ संलग्न गरी निवेदन गरेको छु । इजाजतपत्र पाएमा प्रचलित कानुनको अधीनमा रही पथ प्रदर्शक सम्बन्धी काम गर्नेछु ।

१. नाम :

२. ठेगाना :

(क) स्थायी :

(ख) अस्थायी :

३. शैक्षिक योग्यता र तालिम :

४. उमेर:

५. अनुभव:

६. आवश्यक कागजातहरू:

(क) नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान वा पर्वतीय प्रशिक्षण प्रतिष्ठानबाट पथ प्रदर्शकको तालिम प्राप्त गरेको प्रमाणपत्रको प्रतिलिपि,

(ख) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र तीन प्रति फोटो,

(ग) अंग्रेजी बाहेक अन्य भाषा उल्लेख गर्नुपर्ने अवस्थामा सो को प्रमाणपत्रको प्रतिलिपि,

निवेदक

सहीः

निवेदकको नामः

ठेगानाः

मितिः

अनुसूची-८

(दफा २९ सँग सम्बन्धित)

<u>पथ प्रदर्शकको इजाजतपत्रको ढाँचा</u>

इजाजतपत्र संख्या .........................

१. पथ प्रदर्शकको पूरा नाम:

२. ठेगाना:

(क) अस्थायी:

(ख) स्थायी:

३. पारिश्रमिकको विवरण:

(क)

(ख)

४. पथ प्रदर्शक गर्ने भाषा:

५. इजाजतपत्रको म्याद..................देखि ................. सम्म श्री ................. लाई सुदूरपश्चिम प्रदेश पर्यटन ऐन, २०७७ को दफा २९ बमोजिम पथ प्रदर्शकको काम गर्न यो इजाजतपत्र दिइएको छ।

<u>कार्यालयको छाप</u>

इजाजतपत्र दिने अधिकारीको

सही:

नाम:

पद:

कार्यालय:

मिति:

<u>नवीकरणको विवरण</u>

| इजाजतपत्रको अवधि | | नवीकरण दस्तुर तथा अन्य विवरण | नवीकरण गरेको मिति | नवीकरण गर्ने अधिकारीको सही |
|---|---|---|---|---|
| देखि | सम्म | | | |
| | | | | |

अनुसूची-९
(दफा ३१ को उपदफा (२) सँग सम्बन्धित)

पथ प्रर्दशकको इजाजतपत्र नवीकरणका लागि दिइने दरखास्तको ढाँचा

श्री ...................................................,
.............................................. ।

मैले/हामीहरूले सञ्चालन गरिरहेको ...................................... लाई सुदूरपश्चिम प्रदेश पर्यटन ऐन, २०७७ को दफा ३१ को उपदफा (२) बमोजिम नवीकरण गर्नको निमित्त दरखास्त दस्तुर बापत एक सय रुपैयाँ दस्तुर र आवश्यक कागजातहरू यसैसाथ संलग्न राखी निवेदन गर्दछु/गर्दछौं ।

सुदूरपश्चिम प्रदेश पर्यटन ऐन, २०७७ को अधीनमा रही आफ्नो कारोबार सञ्चालन गर्नेछु/गर्नेछौं।

निवेदक
सहीः
निवेदकको नामः
ठेगानाः
मितिः

अनुसूची-१०

(दफा ३६ को उपदफा (२) सँग सम्बन्धित)

जलयात्रा व्यवसायको लागि इजाजतपत्रको लागि दिइने दरखास्तको ढाँचा

श्री ....................................,

......................................... ।

जलयात्रा व्यवसाय सञ्चालन गर्न देहायका विवरण खुलाइ आवश्यक कागजातहरू संलग्न राखी दरखास्त बापत एक सय रुपैयाँ यसै साथ राखी यो दरखास्त गरेको छु।

१. जलयात्रा व्यवसायीको:-

(क) नामः

(ख) ठेगानाः

(ग) सेयर धनी/प्रोप्राइटरको नाम र विवरणः-

| क.सं. | नाम | उमेर | ठेगाना | सेयर वा हिस्सा | |
|---|---|---|---|---|---|
| | | | | रकम | प्रतिशत |
| | | | | | |

२. जलयात्रा व्यवसायमा लगानी गरेको पुँजीको विवरणः-

(क) अधिकृत पुँजीः (घ) स्थिर पुँजीः

(ख) जारी पुँजीः (ङ) चालु पुँजीः

(ग) चुक्ता पुँजीः

३. आगामी तीन वर्षमा सेवा पुऱ्याउने अनुमानित पर्यटक संख्या तथा विदेशी मुद्रा आर्जन सम्बन्धी विवरणः-

| वर्ष | पर्यटकको अनुमानित संख्या | अनुमानित विदेशी मुद्रा आर्जन | पर्यटक ल्याउने प्रमुख सम्भाव्य देशहरू |
|---|---|---|---|
| पहिलो | | | |
| दोस्रो | | | |
| तेस्रो | | | |

४. प्रस्तावित जनशक्तिको विवरणः-

| रिभर गाइड | प्रशासनिक कर्मचारी | लेखाको कर्मचारी | अन्य | जम्मा |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

५. जलयात्रा सञ्चालन गर्न आवश्यक हुने साधनहरूको प्रस्तावित विवरणः-

| सामग्री | प्रस्तावित | भाडामा लिने | खरिद गर्ने |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

६. विदेशी जलयात्रा व्यवसायी वा अन्य त्यस्तै प्रकृतिका एजेन्सीहरूसँग सम्बद्धता कायम गरिने भएमा त्यसको विवरण :-

नामः फ्याक्सः
ठेगानाः इन्टरनेटः
टेलिफोनः इमेलः

७. अन्य कुनै कुरा भएः .....................................................

८. आवश्यक कागजातहरूः

(क) नेपाली नागरिकताको प्रतिलिपि,

(ख) फर्म वा कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ग) कम्पनीको हकमा प्रबन्धपत्र र नियमावलीको प्रतिलिपि,

(घ) सञ्चालकको व्यक्तिगत विवरण र नागरिकताको प्रतिलिपि तथा तीन प्रति फोटो,

(ङ) सञ्चालक उपस्थित भई गरेको सर्त सम्बन्धी कागजात र एकभन्दा बढी सञ्चालक भएको अवस्थामा तीमध्ये कुनै एक जना सञ्चालकलाई सेयरधनीको निर्णयानुसार अख्तियारी दिएको भए त्यस्तो कागजातको प्रतिलिपि,

(च) न्यूनतम सामग्रीको रूपमा दुई वटा जलयात्राका साधन (डुङ्गा), लाइफ ज्याकेट, हेलमेट र अनुमति प्राप्त रिभर गाइड रहेको,

(छ) सम्बन्धित स्थानीय तहको व्यवसाय दर्ता सिफारिस पत्र,

(ज) स्थायी लेखा नं. वा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(झ) सेयरधनी भए सेयरधनी संख्या तथा लगत खुलेको विवरण,

(ञ) प्रचलित कानुन बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन।

माथि लेखिएको व्यहोरा ठिक साँचो छ, झुट्टा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।

दरखास्तवालाकोः-

सहीः
नामः
ठेगानाः
मितिः

अनुसूची-११

(दफा ३७ को उपदफा (१) सँग सम्बन्धित)

जलयात्रा व्यवसायीको इजाजतपत्रको ढाँचा

इजाजतपत्र संख्या .........................

श्री .......................................,

.......................................... ।

तपाईंलाई जलयात्रा व्यवसाय सञ्चालन गर्न सुदूरपश्चिम प्रदेश पर्यटन ऐन, २०७७ को दफा ३७ को उपदफा (१) बमोजिम यो इजाजतपत्र दिइएको छ ।

१. इजाजतपत्र प्राप्त जलयात्रा व्यवसायीको:-

(क) नामः

(ख) ठेगानाः

(ग) धनी/ सेयरधनी/ प्रोप्राइटरको नाम र विवरणः

२. इजाजतपत्रको अवधि:-

कार्यालयको छाप

इजाजतपत्र दिने अधिकारीको,-

सहीः

नामः

पदः

कार्यालयः

मितिः

नवीकरणको विवरण

| इजाजतपत्रको अवधि | | नवीकरण दस्तुर तथा अन्य विवरण | नवीकरण गरेको मिति | नवीकरण गर्ने अधिकारीको सही |
|---|---|---|---|---|
| देखि | सम्म | | | |
| | | | | |
| | | | | |

अनुसूची-१२

(दफा ४३ को उपदफा (२) सँग सम्बन्धित)

रिभर गाइडको अनुमतिका लागि दिइने दरखास्तको ढाँचा

श्री ....................................................,

.............................................. ।

रिभर गाइडको काम गर्न देहायको विवरणहरू खुलाइ अनुमतिपत्र पाउनको लागि यो दरखास्त पेस गरेको छु।

दरखास्तवालाकोः-

१. नाम :

२. ठेगाना :

(क) स्थायी :

(ख) अस्थायी :

३. जन्म मिति :

४. शैक्षिक योग्यता:

५. बाबुको नाम:

६. बाजेको नाम:

७. तालिमको प्रमाणपत्र:

८. अनुभव: अवधि: काम गरेको संस्था:

९. आवश्यक कागजातहरू:

(क) नेपाली नागरिकताको प्रतिलिपि

(ख) तालिम तथा अनुभवको प्रमाणपत्रको प्रतिलिपि ।

दरखास्तवालाकोः-

सहीः

नामः

ठेगानाः

मितिः

अनुसूची-१३
(दफा ४४ सँग सम्बन्धित)
<u>रिभर गाइडको अनुमतिपत्र</u>

अनुमतिपत्र संख्या ........................

१. रिभर गाइडको पूरा नामः

२. ठेगानाः-

(क) अस्थायीः

(ख) स्थायीः

३. अनुमतिपत्रको अवधिः ..................देखि ................. सम्म ।

श्री ...........लाई सुदूरपश्चिम प्रदेश पर्यटन ऐन, २०७७ दफा ४४ बमोजिम यो अनुमतिपत्र दिइएको छ ।

<u>कार्यालयको छाप</u>

अनुमतिपत्र दिने अधिकारीको,-
सहीः
नामः
पदः
कार्यालयः
मितिः

<u>नवीकरणको विवरण</u>

| अनुमतिपत्रको अवधि | | नवीकरण दस्तुर तथा अन्य विवरण | नवीकरण गरेको मिति | नवीकरण गर्ने अधिकारीको सही |
|---|---|---|---|---|
| देखि | सम्म | | | |
| | | | | |
| | | | | |

⊗⊗⊗